छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# छत्रकोट गाउँपालिका

## राजस्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan)

**गाउँ कार्यपालिकाको कार्यालय**

**चोयगा, गुल्मी**

**लुम्बिनी प्रदेश, नेपाल**

२०७८

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रतिवेदन तयारी

| | |
|---|---|
| **शिर्षक :-** | छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| **तयार गर्ने :-** | **सिलिकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.** काठमाण्डौ |
| **मिति :-** | चैत्र, २०७८ |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## कृतज्ञता ज्ञापन

छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्न सिलिकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौलाई जिम्मेवारी दिनु हुने लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, कार्ययोजना तयार गर्नको लागि सहयोग पुर्याउनुहुने छत्रकोट गाउँपालिकाका अध्यक्ष श्री मधुकृष्ण पन्त, उपाध्यक्ष श्री नर्मदा भण्डारी, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद पन्थी, छत्रकोट गाउँ पालिकाका कार्यपालिका सदस्य तथा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा गाउँपालिका परिवार प्रति परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौ ।

**सिलिकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौ**

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## बिषयसुची


**परिच्छेद एक : परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु ३

१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

  १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ५

  १.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास ५

  १.४.३ तथ्याङ्क/सूचना संकलन ५

  १.४.४ कार्यशाला गोष्ठी ६

  १.४.५ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी ७

  १.४.६ कार्ययोजनाको अन्तिम रुप ७

१.५ कार्ययोजनाका सीमाहरू ७

**परिच्छेद दुई : स्थानीय तहको संक्षिप्त परिचय** **९**

२.१ छत्रकोट गाउँपालिकाको संक्षिप्त परिचय ९

  २.१.१ नामाकरण तथा ऐतिहासिक अवस्था १०

  २.१.२ गाउँपालिकामा रहेको भू-उपयोगको अवस्था ११

  २.१.३ गाउँपालिकाको जनसांख्यिक १२

२.२ छत्रकोट गाउँपालिकाको मानव संसाधनको अवस्था १३

२.३ छत्रकोट गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १४

२.४ गाउँपालिका क्षेत्रका अन्य विवरणहरू १५

**परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **२१**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था २१

३.२ स्थानीय तहका आयको अन्य श्रोतहरु २३

३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू २५

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


३.४ छत्रकोट गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २७

३.५ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २८

३.५.१ स्थानीय कर राजस्व २८

३.५.२ गैरकर राजस्व २९

३.६ आन्तरिक राजस्व संकलनको सम्भावना विश्लेषण ३०

**परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३८**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ३८

४.२ आय संकलनको संस्थागत क्षमता ३८

४.३ छत्रकोट गाउँपालिकाको वर्तमान आन्तरिक आय परिचालन ४०

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४१

**परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना ४३**

५.१ छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४३

**परिच्छेद छ : आगामी तीन बर्षको आय प्रक्षेपण ४८**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४८

६.२ स्थानीय तहको आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण ४९

**परिच्छेद सातः अपेक्षित नतिजा र सुझावहरू ५१**

**परिच्छेद आठः अनुगमन तथा मूल्यांकन ५५**

**अनुसुचीहरू**

अनुसूची १: तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची

अनुसुची २: छत्रकोट गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरूको नामावली

अनुसुची ३ अभिमुखिकरण कार्यक्रमको हाजिरी

अनुसुची ४ अभिमुखिकरण कार्यक्रमको फोटोहरू

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## तालिका सुची


तालिका १: गाउँपालिकामा समावेश भएका गाविस तथा वडाहरू १०
तालिका २: गाउँपालिकामा रहेको भू-उपयोगको अवस्था विवरण १२
तालिका ३: वडागत रुपमा घरधुरी तथा जनसंख्याको विवरण १२
तालिका ४: छत्रकोट गाउँपालिकाको कर्मचारी दरवन्दी १३
तालिका ५: छत्रकोट गाउँपालिकामा रहेको अचल सम्पत्ति सम्बन्धी विवरण १४
तालिका ६: छत्रकोट गाउँपालिका वडा कार्यालयका भवन सम्बन्धी विवरण १५
तालिका ७: सवारी साधन सम्बन्धी सम्वधी विवरण १५
तालिका ८: सडक सुविधा सम्बन्धी विवरण १६
तालिका ९: सार्वजनिक पाटि पौवा र चौतारा सम्बन्धि विवरण १६
तालिका १०: पुल तथा कल्भर्ट सम्बन्धी विवरण १७
तालिका ११: बत्ति बाल्न प्रयोग गर्ने स्रोत तथा परिवारको विवरण १७
तालिका १२: व्यापार व्यवसाय सम्बन्धी विवरण १८
तालिका १३: बजार तथा व्यापारीक केन्द्रहरूको विवरण १९
तालिका १४: मुख्य पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण १९
तालिका १५: स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार २१
तालिका १६: गाउँपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण २७
तालिका १७: कर राजस्व तर्फको सम्भावना विश्लेषण २८
तालिका १८: गैर कर राजस्व तर्फको सम्भावना विश्लेषण २९
तालिका १९: सम्पत्ति कर सम्भावनाको गणना ३१
तालिका २०: घरबहाल कर सम्भावनाको गणना ३२
तालिका २१: व्यवसाय कर सम्भावनाको गणना ३३
तालिका २२: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना ३४
तालिका २३: नक्सा पास दस्तुरको सम्भावनाको गणना ३६
तालिका २४: छत्रकोट गाउँपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू ३९
तालिका २५: पालिकाकाको वर्तमान आन्तरिक आय परिचालन ४०
तालिका २६: छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४३
तालिका २७: राजस्व प्रक्षेपणका आधार र तीन बर्षमा हुने कुल आय ४८
तालिका २८: आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण ४९
तालिका २९: गाउँपालिकाको आय संरचना ५१

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमी

देशको भु-बनोट विभिधतायुक्त प्रकृति, समाजको उत्पत्ति र बनोट, सभ्यता र विभिदतायुक्त संस्कृति, भाषा, प्राकृतिक स्रोत साधनको अत्युत्तम परिचालन, उदयीमान दुई छिमेकी अर्थतन्त्र, देशभित्रको क्रियाशील जनशक्ति, अन्तराष्ट्रिय क्षेत्रमा सुरु भएको असल सम्बन्धको विकाश र कायम रहेको समष्टिगत आर्थिक स्यायित्व नै आर्थिक समृद्धिको आधारका रुपमा रहेका छन् । नेपालको संविधानले राज्य शक्तिको बाँडफाँडको लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन वटा तहको सरकारको अवधारणा ल्याएको छ । सुशासन र विकासका लागि वर्तमान राजनैतिक अठोट र इच्छाशक्ति एवम् प्रदेश र स्थानिय तहको क्रियासिलता र सामर्थ्यको माध्यमबाट सम्पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने भएको छ । यो अवसरलाई मुलुकको सुशासन, विकाश र समृद्धिको लागि उपयोग गर्न शासकिय अवयवहरुको कुसलतापुर्वक परिचालनबाट समृद्धिको आधार तयार हुनेछ ।

नेपालको संविधानले संघ प्रदेश र स्थानिय तहका सरकारका बीचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय सरकारलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ । यी अधिकारका अलावा संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य गरी साझा अधिकारको परिपालना गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । यी नै एकल तथा साझा अधिकारको प्रयोग गरी गाउँपालिकाले बजेट सहितको वार्षिक तथा आवधिक योजना बनाउनु पर्नेछ । स्थानीय तहहरूको आय स्रोत संघिय सरकारसंग प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन सक्दैन । गाउँपालिका संघिय सरकारको बजेटमा मात्र आश्रित नरही संविधानले दिएको अधिकार प्रयोग गरी राजस्वका क्षेत्रहरूको पहिचान गर्ने, विद्यमान करका दायरा तथा दरहरू परिमार्जन गर्नुपर्ने हुन्छ । यो राजस्व सुधार कार्ययोजना समय सापेक्ष करका दायरा तथा दरहरूमा हेरफेर गर्न केन्द्रित रहेको छ । यो योजना तीन वर्षका लागि बनाइएको छ र गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै लग्नेछ ।

नेपालको संविधान र प्रचलित कानूनले भंसार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । यसै गरी कृषि आयमा लाग्ने कर प्रदेश सरकारलाई दिएको छ । स्थानीय सरकारलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मालपोत/भूमिकर लगाउने

अधिकार दिएको छ । पर्यटन शुल्क, प्राकतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तीनवटै तहको साझा अधिकारको रूपमा दिएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहेका छन । सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर भुमिकर(मालपोत) लगाउने अधिकार स्थानीय तहलाई मात्र दिइएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नुपर्ने व्यवस्था छ । राजस्वको लागि कुनै पनि तहमा लिखित रूपमा उल्लेख नगरिएको विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

नेपाल संघीय गणतन्त्रामक संरचनामा प्रबेश गरेपछि स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएको छ। निर्वाचित जनप्रतिनिधीहरूलाई जनताका आबश्यकता र चाहना पुरा गर्नुपर्ने दायित्व रहेको छ । यस अवस्थामा गाउँपालिकाहरूले आफुमा भएको अधिकार प्रयोग गरी जनताको कर तीर्न सक्ने क्षमतालाई मध्य नजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा वृद्धि गर्नुपर्ने हुन आउँछ ।

प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा स्थानीय तहलाई संघिय तथा प्रदेश सरकारबाट अनुदान दिंदा स्थानीय तहको खर्च गर्न सक्ने क्षमता तथा आन्तरिक आयका वृद्धि गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण, शशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ । तसर्थ यस गाउँपालिकाको वित्तिय स्थिति सबल बनाउन राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan/RIAP) तयार पार्न लागिएको हो । यस योजनाले गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गरी वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ ।

### १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

संविधान र कानूनले व्यवस्था गरिएका सिमा भित्र रहेर स्थानीय तहले आफ्ना क्षेत्रमा कार्यसम्पादन गर्ने गरिन्छ । कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना पहिचान गरी राजस्वको क्षमता विस्तार गर्दै जानु अपरिहार्य हुन आँउछ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक तथा अन्य विभिन्न कानूनी अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार छत्रकोट गाउँपालिकाले व्यवस्थित राजस्व सुधार कार्ययोजना तर्जुमा नगरिसकेको हुँदा व्यवस्थित परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको क्रमी हुनु रहेको छ । तसर्थ यो कार्ययोजनाको माध्यमबाट गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको छ र मुख्य उपलब्धीका रुपमा राजस्व कार्ययोजना तयारी हुनुका साथै आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको छ । राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

### १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु

यस योजनाको समग्र उद्देश्य छत्रकोट गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोत तथा संभावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको तीन वर्षे राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्य प्राप्त गर्नका लागि देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको छ ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- स्थानीय तहको राजस्व सम्बन्धी अधिकारको बारेमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, शाखा प्रमुखहरू तथा राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- गाउँपालिकाको वर्तमान राजस्व प्रशासनसम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक परिमार्जनका लागि सिफारिस गर्ने ।
- संघ, प्रदेश र स्थानिय तहका राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित चालु आ.व.२०७८/७९ लागि आन्तरिक आय सम्बन्धी अनुमानमा संसोधन सहित २०७९/८०, २०८०/८१ र २०८१/८२ सम्म गरी आगामी ३ आर्थिक बर्षका लागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्दै पालिकाको राजस्व प्रक्षेपण, वजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तयार गर्दा गाउँपालिकाको भौगोलिक, आर्थिक तथा प्रशासनिक अवस्थाको अध्ययन संगै गाउँपालिकाद्धारा प्रकाशन गरिएका विधिन्न प्रतिवेदनहरूका साथसाथै राजस्वसंग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसंग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाका लागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । यस राजस्व सुधार कार्ययोजना निर्माण गर्ने क्रममा अवलम्वन गरिएका विधिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

पहिलो चरणमा आन्तरिक राजस्व अध्ययन कार्यको लागि परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा अध्ययन गरिएको थियो । यस क्रममा अध्ययन गरिएको मुख्य सामग्रीहरू देहायअनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- छत्रकोट गाउँपालिकाको आ.व.०७८/०७९ को योजना, नीति बजेट तथा कार्यक्रम
- छत्रकोट गाउँपालिकाको कार्यालयका शाखाहरूले उपलब्ध गराएका जानकारीहरू
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू

### १.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात राजस्वसंग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि अवश्यक फारमहरूको तयार पारिएको थियो । यस कार्यका लागि तयार पारिएको तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### १.४.३ तथ्याङ्क/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा यस गाउँपालिकाको कार्यालयका विभिन्न शाखाहरूबाट आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो । यस कार्यकालागि कार्यालयका सुचना तथा तथ्याङ्क अभिलेख, सरोकारवाला पक्षहरूसंगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्नलिखित तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो ।

- छत्रकोट गाउँपालिकाबारे संक्षिप्त जानकारी

- वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरूसंग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)
- गाउँपालिकाको आ.व.०७८/०७९ को योजना, नीति बजेट तथा कार्यक्रम
- राजस्व सूचना प्रवाह सम्बन्धी विवरण र प्रशासनिक व्यवस्था ।

### १.४.४ कार्यशाला गोष्ठी

छत्रकोट गाउँपालिकामा २०७८ माघ ४ गते एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यो कार्यशाला गाउँपालिकाका अध्यक्ष श्री मधुकृष्ण पन्तको अध्यक्षतामा भएको थियो । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री मधुकृष्ण पौड्यालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । सलिकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौका तर्फबाट सहजीकरण गरिएको यस कार्यशालामा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजस्व सम्बन्धी सैद्धान्तिक पक्षहरू, स्थानीय तहको राजस्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजस्व प्रशासन र त्यसका पक्षहरूका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो । कार्यशालामा बिशेषगरी कार्ययोजनाको तयारी सम्बन्धी प्राबिधिक पक्षलाई समेटिएको थियो । राजस्व सुधार योजना के हो ? त्यसका पक्षहरू के के हुन्छन ? र कार्ययोजना तयारीको खाका प्रस्तुत गरिएको थियो । उक्त प्रस्तुतीका क्रममा विस्तृत छलफल गरि अन्य सहभागीहरूबाट आएका सुझावहरू संकलन गरि उक्त योजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो । समुहगत अभ्यास पश्चात यस अध्ययनका लागि आवश्यक थप सूचना तथा तथ्याङ्कहरूका बारेमा छलफल गरिएको थियो ।

कार्यक्रमको समापन गर्ने क्रममा गाउँपालिका अध्यक्ष श्री मधुकृष्ण पन्तले गाउँपालिकाका लागि अति आवश्यक र महत्वपूर्ण क्षेत्रमा कार्यक्रम संचालन भएको महशुस गर्नु भएको थियो । विगतका वर्षमा गरिएको कर सम्बन्धी व्यवस्थामा केही कमजोरी तथा कठिनाई महशुस गरी सबै सरोकारवालाहरूको उपस्थितिमा यस सम्बन्धी जानकारी तथा छलफल गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोरमा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बताउनु भएको थियो । जुन क्षेत्रबाट राजस्व संकलन हुन्छ सोही क्षेत्रमा नै खर्च गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्ययोजना कार्यान्वयन गरि गाउँपालिकाको राजस्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन गाउँपालिका परिवार प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै कार्यशाला सम्पन्न भएको थियो । सहभागीहरूको उपस्थिति विवरण र कार्यक्रमका तस्विरहरू यस प्रतिवेदनको **अनुसूची ३ र ४ मा** प्रस्तुत गरिएको छ ।

### १.४.५ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

गाउँपालिकाद्धारा प्रकाशन गरिएका तथा कार्यशाला गोष्ठी, स्थलगत अध्ययन लगायत विभिन्न स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण तथा विभिन्न समूहमा गरिएको छलफल एवं प्रस्तुतीबाट प्राप्त सुझावहरूलाई समावेश गरि राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो ।

### १.४.६ कार्ययोजनाको अन्तिम रुप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्याङ्क तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूझावका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदन गाउँपालिकाको राजस्व परामर्श समितिले अन्य सरोकारवालासंग छलफल गरी सुझावहरू संकलन गरिएको थियो । राजस्व परामर्श समितिद्वारा प्राप्त सुझावलाई समावेश गरी गाउँकार्यपालिकामा प्रस्तुत गरिएको थियो । उक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट अन्तिम रूप प्रदान गरीसकेपछि गाउँसभाबाट अनुमोदन गरि कार्यान्वयनमा ल्याइएको छ । यो कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको आय प्रक्षेपण गरिएको छ ।

## १.५ कार्ययोजनाका सीमाहरू

गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ। यसको अलावा अध्ययन तथा विश्लेषण कार्य गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यको लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ।
- गाउँपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ। तथ्याङ्क संकलनकोलागि सबै वडाहरूको स्थलगत सर्भेक्षण कार्य भएको छैन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ।
- निकट भविष्यमा गाउँपालिकामा स्थानीय तहको निर्वाचन हुन गइरहेको शन्दर्भमा नयाँ निर्वाचित पदाधिकारीहरू पदस्थापना भईसकेपछि पनि संवैधानिक व्यवस्था अनुरुपका नव निर्वाचित नेतृत्वले यो कार्ययोजनाका लक्षहरू परिमार्जन गर्न सक्ने हुन सक्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद दुई : स्थानीय तहको संक्षिप्त परिचय

### २.१ छत्रकोट गाउँपालिकाको संक्षिप्त परिचय




नेपालको संविधान २०७२ को धारा १९५ उपधारा ३ मा भएको व्यवस्था अनुरुप गुल्मी जिल्लामा रहेका १२ वटा स्थानीय तहमध्ये छत्रकोट गाउँपालिका एउटा स्थानीय सरकारको रुपमा परिचित छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक, महत्व बोकेको छत्रकोट गाउँपालिका ऋष्यशृङ्गय ऋषिले तपस्या गरेको रेसुङ्गा र शृङ्गी ऋषिले तपस्या गरेको शृङ्गा लेकको बीचमा पर्ने छत्रदेव मन्दिरको पावन भूमिमा अवस्थित छ । साविकका गा.वि.स.हरु हुँगा, पल्लिकोट, हर्दिनेटा, दिगाम, खर्जयाङ र दौंघा गरी ६ वटा वार्ड सेवाक्षेत्र रहेको यो गाउँपालिकाको नामकरण वार्ड नं ३ मा अवस्थित चोयगाको थुम्कोमा रहेको छत्रकोट देवालयको नामबाट रहेको हो ।

भौगोलिक अवस्थिति अनुसार यस गाउँपालिका २८.००६५ डिग्री उत्तरी अक्षांश र ८३.३४६०३ डिग्री पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिकाको जम्मा क्षेत्रफल ८७.१ वर्ग कि.मी. रहेको यो गाउँपालिकाको जनसंख्या २१४८१ (२०६८ को जनगणना अनुसार) छ । खर्ज्याङको मनभाक ५७९ मी. देखि पल्लिकोटको कोटडाँडा १६७६ मी. सम्मको उचाइमा रहेको यो गाउँपालिकाको कार्यालय १५५५ मी. उचाइमा रहेको छ । गाउँपालिकाको तापक्रम वर्षभरिमा सामान्यतया अधिकतम तापक्रम ३३ डिग्रीसेल्सियस सम्म र जाडोमा न्यूनतम ५ डिग्रीसम्म तथा औसतमा १८ डिग्री सेल्सियस तापक्रम पुग्ने गरेको छ भने यहाँको औषत वार्षिक वर्षा २२०० मि.लि. रहेको छ । यहाँ जाडो महिनामा दिनभर बाक्लो कुहिरो लाग्नुको सट्टा विहानै केहि समय मात्र धुदी लाग्ने र केहि विहानी वितेपश्चात लगत्तै घाम लागि घमाइलो हुने गर्दछ भने गर्मी समयमा केहि स्थानमा हल्का गर्मीको अनुभुति हुने गर्दछ ।

यस गाउँपालिकाको पूर्वमा रुरु गाउँपालिका, पश्चिममा गुल्मी दरवार गाउँपालिका, उत्तरमा सत्यवती गाउँपालिका र चन्द्रकोट गाउँपालिका तथा दक्षिणमा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका, पाल्पा

जिल्लाको रैनादेवी गाउँपालिका पर्दछ । प्रशासनिक हिसावले ६ वटा वडामा विभाजन गरिएको यस गाउँपालिका लुम्बिनी प्रदेशको अन्तर्गत पर्ने गुल्मी जिल्लामा अवस्थित छ ।

**तालिका १: गाउँपालिकामा समावेश भएका गाविस तथा वडाहरू**

| क्रं सं | साविकका गा.वि.स. | साविकका वडाहरू | हाल कायम भएका वडाहरू |
|---|---|---|---|
| १ | हुँगा | १-९ | १ |
| २ | पल्लिकोट | १-९ | २ |
| ३ | हर्दिनेटा | १-९ | ३ |
| ४ | दिगाम | १-९ | ४ |
| ५ | खर्ज्याङ्ग | १-९ | ५ |
| ६ | दौधा | १-९ | ६ |

*स्रोत: छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

### २.१.१ नामाकरण तथा ऐतिहासिक अवस्था:

छत्रकोटको बारेमा सोध-खोज गर्दा महाभारतको कौरव-पाण्डव युद्धसित गाँसिएको एउटा रोचक प्रसङ्ग रहेको छ । जस अनुसार कौरव पाण्डवको युद्ध समाप्त भएपछि युद्धको समीक्षा गर्ने क्रममा पाण्डव पक्षका भीम र अर्जुनले आफ्नो युद्ध कौशलता र पराक्रमका कारण यो जित सम्भव भएको भनी अभिमानयुक्त अभिव्यक्ति दिएपछि भगवान श्रीकृष्णले महाभारतको पूरै युद्ध उलुक बाखरिक राज्यका राजाको उच्छेदित शिरले अन्तरदृष्टिबाट सबै देखेको र यसमा कसको कस्तो भूमिका रह्यो भन्ने बारेमा उनैबाट सुन्न आग्रह गरेपछि श्रीकृष्ण सहित पाण्डवहरु उक्त राजा सामु पुगेछन् । बाखरिक राजाले युद्धमा विजय हासिल गर्नुमा प्रत्यक्ष अप्रत्यक्ष दुवै रुपले श्रीकृष्णको भूमिका रहेको बताएपछि भीम र अर्जुन आफ्नो अहङ्कारका कारण लज्जित भएको प्रसङ्ग छ ।

महाभारत युद्धको सत्य तथ्य वर्णन गरेको सुनेपछि भगवान श्रीकृष्णले तपाई के चाहानुहुन्छ र कहाँ बस्न चाहानुहुन्छ ? भन्दा बाखरिक राजाको शिरले उच्च शिखर उलुक नगरीमा वस्ने इच्छा जाहेर गरेपछि तथास्तु भनी वरदान दिएछन् र तिम्रो भक्ति र श्रद्धा गर्ने सबै श्रद्धालु भक्तजनले पीडा दुःख संकटबाट मुक्ति पाउनुका साथै सुख, शान्ति र समृद्धि प्राप्त गर्नेछन् भन्ने आशिर्वाद दिएछन् । राजाले पनि श्रीकृष्णको प्रसस्त स्तुतिगान गरेछन् र श्रीकृष्णको निर्देशनअनुसार बाखरिक राजाको शिरलाई अग्लो बाँसको लिङ्गोमा राखी कुरुक्षेत्रबाट उत्तरतर्फ शिरलाई छाता ओढाई ल्याइएको प्रसङ्ग उल्लेख छ । साथै यसरी यात्रा गर्दै आउने क्रममा अर्घाखाँचीको उलुक भन्ने ठाउँमा उक्त शिरले त्यही बस्ने

इच्छा जाहेर गरेकाले उक्त स्थानमा शिखर शैलीको मन्दिर निर्माण गरी मन्दिरभित्र तामाका फाँक ( ठूलो आकारको मुख भएको भाडो) मा शिरलाई स्थापित गरी पूजा गर्ने परम्पराको थालनी भएछ । हालसम्म पनि पूजारीहरु आँखामा कपडाको पट्टी बाँधेर सो फाँकको सर- सफाइ गर्ने प्रचलन छ भनी "छत्र महाराज एक परिचय" शीर्षकमा अर्घाखाँची निवासी ताराप्रसाद न्यौपानेले उल्लेख गरेका छन् ।

पछि यही छत्रकोट गा.पा. को बुकेनी भन्ने ठाउँका धनिश्वर पोखेललाई देवता उत्रिएछन् । उनी हल्लिदै गएर अर्घाखाँचीको माथि उल्लेखित उल्का भन्ने ठाउँमा पुगेछन् र त्यहाँ एउटा पत्थर देवता समाउन पुगेछन् । तिमी मेरो भक्त हुनु भनी दीक्षा पाएका उनी एउटा सानो खुँडा समाएर हल्लिदै चोयगामै फर्किएछन् त्यही चोयगाको थुम्कोमा चौतारीको बुट्यानमुनि उक्त शिला र खुँडा राखेर भोकै पूजा गर्ने परम्पराको थालनी भएछ । सो पत्थरलाई उक्त कथन अनुसार छत्रको रुप मानिएको र मन्दिरयुक्त थुम्कोलाई कोट भनिने पम्परा अनुसार छत्र + कोट = छत्रकोट नामकरण भएको हो भने रुरु गापा वार्ड नं. ४ धर्मपोखरा निवासी शोभाकान्त उपाध्यायको कथन छ ।

छत्रकोट गा.पा अन्तर्गत रहेका ६ वटै वार्डका आ-आफ्नै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक विशेषता रहेका छन् । छत्रकोट देवालय, हुँगाको देउती दुर्गा शिवालय मन्दिर, पल्लिकोटको कोटडाँडा छत्रकोट गा.पा कै अग्लो स्थान, दिगामको कालिका मन्दिर, खर्ज्याङ्को मान्यकोट (मानकोट), मनभाक पौवा, हर्दिनेटाको भगवती मन्दिर, भालुपानी र धरमपानीको रानीपोखरी, दौंघाको काहुले गढी, वराह मन्दिर, ठूलो पोखरा, आलम मन्दिर आदि ऐतिहासिक धार्मिक धरोहरहरु हुन् । छत्रकोट गा.पा को वार्ड नं. ४ श्रृङ्गामा रहेको विशाल पोखरी (९ लाख लि. क्षमताको) एसियाकै वर्षातको पानी जम्मा गर्ने ठूला टङ्की मध्यको एक हो । पर्यटकीय आकर्षणको छत्रकोट सेरोफेरो, दिगामको घलाम मौलोपोखरा क्षेत्र, दौंघाका २ ठूला पोखरीहरु, हुँगा, पल्लीकोट हर्दिनेटा, खर्ज्याङमा रहेका रमणीय स्थानहरु रहेका छन् ।

### २.१.२ गाउँपालिकामा रहेको भू-उपयोगको अवस्था

अधिकांश भू-भाग जगंल र खेतीयोग्य जमिनले ओगटेको छत्रकोट गाउँपालिकामा जंगलले कुल जमिनको ४२.५ प्रतिशत र खेतियोग्य जमिनले ५०.९८ प्रतिशत ओगटेको छ । यसैगरी झाडि, घाँसे मैदान, बाँझो जमिन, सिंचित क्षेत्र र आवासीय क्षेत्रले कुल ६.६२ प्रतिशत ओगटेको छ ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**तालिका २: गाउँपालिकामा रहेको भू-उपयोगको अवस्था विवरण**

| क्र सं | जमिनको प्रकार | क्षेत्रफल प्रतिशत |
|---|---|---|
| १ | जंगल | ४२.५ |
| २ | झाडी | १.५४ |
| ३ | घाँसे मैदान | २.०५ |
| ४ | खेतियाग्य जमिन | ५०.९८ |
| ५ | बाँझो | १.०८ |
| ६ | पानीले ढाकेको | १.१५ |
| ६ | निर्माण | ०.७० |

स्रोत: छत्रकोट गाउँपालिका प्रोफाईल २०७५

### २.१.३ गाउँपालिकाको जनसांख्यिक

राष्ट्रिय जनगणना २०६८ का अनुसार कुल जनसंख्या २१४८१ रहेको छ । त्यसैगरी वडा सर्वेक्षण २०७४/०७५ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या ३१,२५२ रहेको छ। जसमा पुरुष जनसंख्या १६,१७३ रहेको छ, भने महिला जनसंख्या १५,०७९ रहेका छ । यस गाउँपालिकामा पुरुष १०९४ जना महिलाहरू भन्दा बढि रहेका छन् । घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकामा लैङ्गिक अनुपात ९३.१८ रहेको छ। वडागत रुपमा जनसंख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ३: वडागत रुपमा घरधुरी तथा जनसंख्याको विवरण**

| वडा नं. | कुल जनसंख्या | महिला | पुरुष | घरधुरी संख्या | कुल जनसंख्या प्रतिशत | घरधुरी प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | ५,२२२ | २,५१६ | २,७०६ | ९५१ | १६.७१ | १७.५१ | ९२.९७ |
| २ | ३,७३३ | १,७९५ | १,९३८ | ६४२ | ११.९५ | ११.८२ | ९२.६२ |
| ३ | ६,५२१ | ३,१८५ | ३,३३६ | १,०६५ | २०.८७ | १९.६२ | ९५.४७ |
| ४ | ६,०१४ | २,८७२ | ३,१४२ | १,१२४ | १९.२४ | २०.७० | ९१.४१ |
| ५ | ५,३९६ | २,५९९ | २,७९७ | ९३७ | १७.२६ | १७.२६ | ९२.९२ |
| ६ | ४,३६६ | २,११२ | २,२५४ | ७११ | १३.९७ | १३.०९ | ९३.७० |
| **जम्मा** | **३१,२५२** | **१५,०७९** | **१६,१७३** | **५,४३०** | **१००** | **१००** | **९३.१८** |

*स्रोत: छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

छत्रकोट गाउँपालिकाको सबैभन्दा बढी जनसंख्या वडा नं. ३ मा रहेको छ। यस वडामा महिला ३१८५ र पुरुष ३३३६ गरी जम्मा ६५२१ रहेको पाइन्छ। यसैगरी सबैभन्दा कम जनसंख्या वडा नं.२ मा रहेको छ जसमा पुरुष १९३८ र महिला १७९५ गरी जम्मा ३७३३ जनसंख्या रहेको पाइन्छ। गाउँपालिकामा जम्मा ५४३० घरधुरी संख्या रहेको छ। गाउँपालिकामा जातियताका आधारमा ब्राम्हण जाति २३०१,

क्षेत्री ४७१, जनजाती १६७० र दलित ९८८ घरघुरी रहेका छन् । त्यसैगरी १६ वर्षदेखि ४० वर्षसम्मको जानसंख्या १३८४३ जना रहेको छ ।

### २.२ छत्रकोट गाउँपालिकाको मानव संसाधनको अवस्था

छत्रकोट गाउँपालिकाको संगठन स्वरुप हेर्दा वर्तमान अवस्थामा देहाय अनुसारको शाखाहरू स्थापना गरी काम कारवाही अघि बढाई रहेको देखिन्छ ।

- आर्थिक प्रशासन शाखा
- राजस्व उप शाखा
- योजना शाखा
- सामाजिक विकास शाखा
- प्रशासन शाखा
- प्राविधिक शाखा
- शिक्षा शाखा
- स्वास्थ्य शाखा
- कृषि शाखा
- वन, वातावरण, फोहोरमैला तथा विपद व्यवस्थापन शाखा
- पशु शाखा
- महिला विकास शाखा
- सुचना प्रविधि शाखा
- जिन्सी शाखा
- न्याय, कानुन तथा मानवअधिकार प्रवर्द्धन शाखा
- दर्ता चलानी फाँट
- आन्तरिक लेखा परिक्षण शाखा
- सहकारी
- पूर्वाधार विकास शाखा
- अनुगमन तथा तथ्यांङ्क शाखा
- भूमि व्यवस्थापन तथा भवन नियमन शाखा

### २.२.१ गाउँपालिकाको कर्मचारी दरवन्दीको अवस्था

गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ । २०७८ असार मसान्त सम्म गाउँपालिका जम्मा ३९ जना कर्मचारीको रहेको भएता पनी जम्मा १७ जना मात्र स्थायी कर्मचारीहरु रहेको देखिन्छ । ती मध्ये खासगरी गाउँपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरूको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रष्ट देखिन्छ । खासगरी नीति तर्जुमा र वजेट कार्यान्वयनमा गाउँकार्यपालिकालाई सघाउ पुचाउने अधिकृत स्तरका कर्मचारीहरू निकै न्यून रहेको छ ।

**तालिका ४: छत्रकोट गाउँपालिकाको कर्मचारी दरवन्दी**

| क्र.स | पद | श्रेणी | दरवन्दी | पदपूर्ति (२०७८ आषाढ मसान्तको स्थिति) | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | १ | १ | ० | १ |
| २ | प्रशासन अधिकृत | अधिकृत ६ औं | २ | १ | ० | १ |
| ३ | शिक्षा अधिकृत | अधिकृत ६ औं | १ | १ | ० | १ |
| ४ | लेखा अधिकृत | अधिकृत ६ औं | १ | १ | ० | १ |
| ५ | ईन्जिनियर | अधिकृत ६ औं | १ | १ | ० | १ |
| ६ | हे.अ./सि.अ.हे.व. | अधिकृत ६ औं | १ | १ | ० | १ |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | कृषि अधिकृत | अधिकृत ६ औं | १ | ० | १ | १ |
| ८ | पशु अधिकृत | अधिकृत ६ औं | १ | ० | ० | ० |
| ९ | सहायक | ५ औं | ६ | ३ | ० | ३ |
| १० | आ.ले.प. | ५ औं | १ | १ | ० | १ |
| ११ | क.अपरेटर | ५ औं | १ | १ | ० | १ |
| १२ | लेखा सहायक | ५ औं | १ | १ | ० | १ |
| १३ | सब-ईन्जिनियर | ५ औं | ४ | १ | ० | १ |
| १४ | प्रा.स. | ५ औं | १ | १ | ० | १ |
| १५ | स्टाफ नर्स | ५ औं | १ | ० | १ | १ |
| १६ | सहायक (कृषि) | ४/५ औं | ३ | ० | ० | ० |
| १७ | सहायक (पशु) | ४/५ | ४ | ० | ० | ० |
| १८ | खा.पा.स.टे. | ४ औं | १ | १ | ० | १ |
| १९ | अ-सब-ईन्जिनियर | ४ औं | १ | १ | ० | १ |
| २० | स.म.वि.नी. | ४ औं | १ | ० | ० | ० |
| २१ | सहायक | ४ औं | ४ | १ | ० | १ |
| | | **जम्मा** | ३८ | १७ | २ | १९ |

*स्रोतः छत्रकोट गाउँपालिका २०७८*

## २.३ छत्रकोट गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

छत्रकोट गाउँपालिकाको स्वामित्वमा रहेको र पालिकाभित्रमा रहेका वडा कार्यालय, कृषि, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट, प्रहरी आदि कार्यालयको स्वामित्वमा रहेका अचल सम्पत्तिहरुको विवरणलाई देहायको तालिकामा दिइएको छ ।

**तालिका ५: छत्रकोट गाउँपालिकामा रहेको अचल सम्पत्ति सम्बन्धी विवरण**

| क्र.सं. | वडा विवरण | अचल सम्पत्ति | क्षेत्रफल रोपनी, आना | स्वामित्व | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | भवन | | गाउँपालिका | |
| २ | | स्वास्थ्य चौकी | ५ रोपनी | स्वास्थ्य चौकी | |
| ३ | वडा नं. १ | वडा कार्यालय | ३ रोपनी | वडा कार्यालय | |
| ४ | वडा नं. २ | स्वास्थ्य चौकिको भवन | ५ रोपनी | स्वास्थ्य चौकी | |
| ५ | | वडा कार्यालय भवन | १ रोपनी | वडा कार्यालय | |
| ६ | | स्वास्थ्य चौकी | ३.५ रोपनी | स्वास्थ्य चौकी | |
| ७ | वडा नं. ३ | वडा कार्यालय | १ रोपनी | वडा कार्यालय | |
| ८ | | वडा कार्यालय | ८ आना | वडा कार्यालय | |
| ९ | | स्वास्थ्य चौकी | ६-२-३-०, ०-८-०-० | स्वास्थ्य चौकी | **२ कित्ता** |
| १० | | हुलाक कार्यालय | ४ आना | हुलाक | |
| ११ | वडा नं. ४ | प्रहरी चौकी | ६ रोपनी | प्रहरी | |
| १२ | | स्वास्थ्य चौकी भवन | ५ रोपनी | स्वास्थ्य चौकी | |
| १३ | वडा नं. ५ | वडा कार्यालयको जग्गा | १० रोपनी | वडा कार्यालय | |
| १४ | | स्वास्थ्य चौकी | ५ रोपनी | स्वास्थ्य चौकी | |
| १५ | वडा नं. ६ | वडा कार्यालय | १.५ रोपनी | वडा कार्यालय | |

*स्रोतः छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

गाउँपालिकाको कार्यालय प्रयोजनको लागि हाल दुई तले पक्की भवन रहेको छ । चोयागा डाँडामा रहेको कार्यालय भवनमा करिव १५ वटा कोठा रहेका छन् भने एक कार्यक्रम हल समेत रहेको छ । यस गाउँपालिकामा रहेका वडा कार्यालय भवनहरूको सन्दर्भमा कुरा गर्दा वडा नं ८ को लालपुर्जा भएको स्थानमा स्वास्थ्य चौकी रहेको छ । हाल कार्यालय रहेको स्थानको जग्गा धनी प्रमाण पुर्जा छैन । सेवा प्रवाहकालागि कार्यालय सञ्चालन दुइ स्थानबाट हुने हुँदा ढापुक फेदीमा भाडामा लिइएको छ । यस गाउँपालिकाका वडा कार्यालयहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ६: छत्रकोट गाउँपालिका वडा कार्यालयका भवन सम्बन्धी विवरण :**

| वडा नं. | विवरण | कोठा सं. | भौतिक अवस्था | लालपुर्जा भएको /नभएको | भवनको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन | ८ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |
| २ | वडा कार्यालय भवन | ३ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |
| ३ | वडा कार्यालय भवन | ४ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |
| ४ | वडा कार्यालय भवन | ३ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |
| ५ | वडा कार्यालय भवन | ८ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |
| ६ | वडा कार्यालय भवन | ३ | पक्की | भएको | आर.सी.सी. भवन | आफ्नै |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

**सवारी साधनहरू सम्बन्धी विवरण**

यस गाउँपालिकामा रहेका सवारी साधनहरूमा जीप, मोटरसाइकल, एम्बुलेन्स, लोडर ट्रिपर रहेका छन । यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ७: सवारी साधन सम्बन्धी सम्वधी विवरण**

| क्र.सं. | विवरण | इकाई |
|---|---|---|
| १ | जीप | २ |
| २ | एम्बुलेन्स | १ |
| ३ | मोटरसाईकल | १९ |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

## २.४ गाउँपालिका क्षेत्रका अन्य विवरणहरू

गाउँपालिका क्षेत्रमा रहेका सडक, पाटी पौवा, हाट बजार, अद्योग व्यावसाय, विद्युतको आपूर्तीको अवस्था लगायतका विविद्य पक्षहरूको व्याख्या यो खण्डमा गरिएको छ ।

### २.४.१ सडक सुविधा सम्बन्धी विवरण

छत्रकोट गाउँपालिका भित्र रहेका पक्की, ग्राभेल तथा कच्ची सडक रहेकोमा त्यस वारेको एकिकृत रुपमा तथ्याङ्क संकलन भईसकेको नहुँदा कति सडक छ भन्ने वारेको विवरण तयार गरिएको छैन ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

गाउँपालिकाको ५ बर्षे अवधिको विवरण संकलन गर्ने क्रममा सडकको यकिन विवरण संकलन गर्नुपर्ने देखिन्छ । गाँउपालिकाको प्रोफाईल २०७५ मा उल्लेख भएअनुसारको सडक विवरण हेर्दा यहाँ जम्मा ३५६.६ कि.मी. जसमध्ये करिव ६ किलोमिटर राजमार्ग क्षेत्र रहेको सडक मात्र पक्की रहेको छ । गाउँपालिकाको सडकको अवस्था हेर्दा यहा कच्चि सडकको वाहुल्यता रहेको छ भने ग्राभेल तथा पक्की सडकको अभाव रहेको देखिन्छ । यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ८: सडक सुविधा सम्बन्धी विवरण**

| क्र.सं. | सडकको प्रकार | कि.मी. |
|---|---|---|
| १ | राजमार्ग | ६ |
| २ | कालो पत्रे सडक | ६ |
| ३ | कच्ची सडक | ३५०.६ |
| **जम्मा** | | **३५६.६** |

*स्रोत: छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

## २.४.२ सार्वजनिक पाटि पौवा र चौतारा सम्बन्धि विवरण:

यस गाउँपालिकामा भएका सार्वजनिक पाटि पौवाहरु अधिकांश पालिकाभित्रमा रहेका मन्दिर परिसरमा रहेका छन् । यस गाउँपालिकामा भएका सार्वजनिक पाटि पौवा र चौताराहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: सार्वजनिक पाटि पौवा र चौतारा सम्बन्धि विवरण:**

| क्र. स. | सार्वजनिक वस्तुको नाम | रहेको स्थान | क्र. स. | सार्वजनिक वस्तुको नाम | रहेको स्थान |
|---|---|---|---|---|---|
| १ | उल्लिखोला पौवा | उल्लिखोला | २० | विरवास घुम्ति प्रतिक्षालय | विरवास |
| २ | कालिकाथान श्रीतुव | श्रीतुब | २१ | वुटिल प्रतिक्षालय | |
| ३ | भगवती मन्दिर पौवा | तोल्घा पिपलपोखरा | २२ | जेजा प्रतिक्षालय | |
| ४ | राम मन्दिर पौवा | झेर्दि | २३ | भेड्वा प्रतिक्षालय | भेड्वा |
| ५ | ठूलापोखरा पौवा | ठूलापोखरा | २४ | प्रतिक्षालय | अर्ज्याबवास |
| ६ | शिवालय मन्दिरको पौवा | हुँगा, सल्लेरी | २५ | मनभाग ऐतिहासिक पौवा | मनभाग |
| ७ | सोमबारी पिपल चैतारा | ठूलापोखरा | २६ | आमा समुहको भवन | आमपोखरी |
| ८ | छत्रकोट देवालयको पौवा | चोयागा | २७ | नागरिक सचेतना पौवा | केहुल |
| ९ | देवीथान मन्दिर को पौवा | भालुपानी | २८ | वरडाँडा पौवा | कोल वरडाँडा |
| १० | मालिका मन्दिरको पौवा | भतेरपाता | २९ | प्रतिक्षालय | नौधारा, गैरिखुट्टा, चालखोला |
| ११ | खड्गदेवी मन्दिरको पौवा | चैपारी | ३० | ठाँटि प्रतिक्षालय | दौघा, नौधारा, मोहरे |
| १२ | कालिकागाउँबजारको पौवा | कालिकानगर | ३१ | कैन ठुटा प्रतिक्षालय | चालखोला |
| १३ | श्रींगा चौतारा | श्रींगा | ३२ | वलेवा ठाँटि | वलेवा |
| १४ | दिगाम, नाच्ने डाँडा चौतारा | दिगाम | ३३ | दिगाम पाँच पोखरी | पाँचपोखरी |
| १५ | अमराई चौतारा | अमराई | ३४ | सखरवास प्रतिक्षालय | सखरबास |
| १६ | बोखर चौतारा | बोखर | ३५ | अँगाहा प्रतिक्षालय | अँगाहा |
| १७ | श्रींगा देउराली प्रतिक्षालय | श्रींगा, देउराली | ३६ | सातमुरे प्रतिक्षालय | सातमुरे |
| १८ | श्रींगा पिपलनेटा प्रतिक्षालय | पिपलनेटा | ३७ | दुर्गा मन्दिरको पौवा | सोग्दी |
| १९ | चण्डिस्थान बाँझपोखरा | बाँझपोखरा | | | |

*स्रोत: छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### २.४.३ झोलुंग पुल तथा कल्भर्ट सम्बन्धी विवरण:

यस गाउँपालिकालाई सिंचित गरी बहने खोलाहरू बढीघाट उल्लिखोलामा झोलुङ्गे पुलहरू रहेका छन् । तिनको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका १०: पुल तथा कल्भर्ट सम्बन्धी विवरण**

| क्र.सं. | खोलाको नाम | किनारामा रहेको स्थान | बया किनारमा रहेको स्थान |
|---|---|---|---|
| १ | बढीघाट | हुँगा, | सत्यवती, जोहाङ, जुबुङ |
| २ | उल्लिखोला | हुँगा | बम्घा |
| ३ | सिस्नेखोला | अर्गल | चंडेघाट र घुर्मिघाट |
| ४ | रिडि खोला | मान्द्रे ढुभें | मगराना |
| ५ | रिडि खोला | सातमुरे नजिक | हुटुक्दि |
| ६ | खर्ज्याङ्ग खोला | चिदिका अ.खा. | खर्ज्याङ्ग |
| ७ | रिडिखोला | बँगैचा, अर्घखाँची | बलेवा, गुल्मी |
| ८ | रिडिखोला | छचुवा, पाल्पा | वौवा |
| ९ | रिडिखोला | पाँचमुरे | हुँगिया |

*स्रोतः छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

### २.४.४ विद्युतको व्यवस्था

यो गाउँपालिकाको सबै वडाहरुमा नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रशारणबाट विद्युतको आपूर्ति भएको छ । यस गाउँपालिकामा विद्युतको भरपर्दो आपूर्ति भएकोले विद्युतका बैकल्पित उपायहरू अपनाईएका छैनन । छत्रकोट गाउँपालिकाको प्रकाश उर्जालाई प्रमुख मानेर गरिएको सर्वेक्षणमा यस क्षेत्रका ९८.५२ प्रतिशत घरहरुमा विद्युत पुगेको छ । विविध कारणवश केहि प्रतिशत घरहरुमा विधुतिय लाइर्न जडान नभएको पाईएको छ । १.४७ प्रतिशत घरधुरीमा पनि विद्युत विस्तार गरि पूर्ण रुपमा विधुत आपूतिए भएको गाउँपालिका बनाउनु आवाश्यक छ ।

**तालिका ११: बत्ति बाल्न प्रयोग गर्ने स्रोत तथा परिवारको विवरण**

| वडा न. | घरधुरी संख्या | विद्युत भएको | विद्युत नभएको घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | ९५१ | ९४१ | १० | |
| २ | ६४२ | ६३७ | ५ | |
| ३ | १०६५ | १०५२ | १३ | |
| ४ | ११२४ | ११०२ | २२ | |
| ५ | ९३७ | ९१६ | २१ | |
| ६ | ७११ | ७६२ | ९ | |
| **जम्मा** | **५४३०** | **५३५०** | **८०** | |
| **प्रतिशत** | **१००** | **९८.५२** | **१.४७** | |

*स्रोतः छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

### २.४.५ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण

यस गाउँपालिका भित्र बसोवास गर्ने पालिकावासीले विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्ने हो भने यहाँका बासिन्दाले खाद्य तथा कृषि पशुपालन, किराना पसल, होटल व्यवसाय,, उद्योग कस्मेटिक पसल, कपडा पसल, आदि संचालन गर्ने संख्या धेरै रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि केही मात्रामा रहेको छ । तलको तालिकामा गाउँपालिका दर्ता भई सञ्चालनमा रहेका व्यापार व्यवसाय सम्बन्धी विवरण उल्लेख छ । गाँउपालिकामा अन्य २०५ कृषि पशु व्यवसाय पनि सञ्चालनमा रहेका छन् । यसरी हेर्दा कुल ६४८ व्यवसाय छत्रकोट गाउँपालिकामा रहेको देखिन्छ ।

**तालिका १२: व्यापार व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या |
|---|---|---|
| १ | हार्डवेयर | ७ |
| २ | इन्जिनियरिङ कन्सल्टेन्सी | १ |
| ३ | खाद्य तथा किराना पसल | १४२ |
| ४ | उद्योग | ११ |
| ५ | इलोक्ट्रोनिक्स स्टोर | १८ |
| ६ | कस्मेटिक पसल | १० |
| ७ | खाजाघर तथा रेष्टुरेन्ट | ८६ |
| ८ | टेलर्स | १५ |
| ९ | मासु पसल | ६ |
| १० | फेन्सी | २७ |
| ११ | कृषि तथा पशुपालन | २१७ |
| १२ | अन्य व्यवसाय | २८ |
| १३ | भाँडा पसल | २ |
| १४ | मेडिकल पसल | १० |
| १५ | सुन चाँदी पसल | १५ |
| १६ | कुटानी पिसानी पेलानी मिल | ३६ |
| १७ | वर्कसप | ३ |
| १८ | स्टेसनरी तथा फोटोकपी | १३ |
| **जम्मा** | | **४४३** |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

### २.४.६ बजार तथा ब्यापारीक केन्द्रहरूको विवरण:

दैनिक उपभोग्य बस्तुहरूको सशुल्क आदान प्रदान हुने केन्द्र ब्यापारिक केन्द्र हो बजार तथा व्यापारिक केन्द्र हो । यस पालिकाको बजार तथा व्यापारिक केन्द्र हरुमा दौनिक उपभोग्य सामानहरु दुध, तरकारी, किराना, मासु, लत्ताकपडा, भाँडा, किराना सामान, फलफुल, लत्ता कपडा, लगायत का

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

सामानको वाहुल्यता रहेको छ । छत्रकोट गाउँपालिकामा हाल संचालित बजार केन्द्रको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३: बजार तथा व्यापारीक केन्द्रहरूको विवरण**

| व्यापारिक बजार केन्द | किनबेच हुने मूख्य बस्तुहरू | व्यापारिक बजार केन्द | किनबेच हुने मूख्य बस्तुहरू |
|---|---|---|---|
| लेखाली डाँडा | किराना पसल, फलफुल, स्टेशनरी, औषधि पसल, जुत्ता पसल, कपडा पसल, होटल अदि | हुँगा, ठूलापोखरा | कृषि उपज, किराना लगायत दैनिक उपभोग्य वस्तुहरु |
| पाल्तुङ्ग डाँडा | | गुङटुङ | |
| भेडुवा बजार | | नाच्ने डाँडा | |
| खर्ज्याङ बजार | दुध, तरकारी, किराना सामाग्री, मासु, लत्ताकपडा, भाँडा लगायत दैनिक उपभोग्य सामानहरु । | पिपल पोखरा | |
| मनभाक | | झेर्दि कोटाग्दि | |
| गुर्जिनेटा | | पिपल डाँडा | |
| छाप | | गैरिखुट्टा | किराना, फेन्सि, हार्डवेयर, दुग्ध उत्पादन लगायत दैनिक उपभोग्य सामान |
| कोल्घरी, श्रीगा, पिपलनेटा, देउराली, कालिकानगर, चण्डिस्थान, बोखर, अमराई, अघाह, सातमुरे, | | ढकान | |
| | | दौंघा, शिवालय चोक | |
| | | लुम्छा पुतलीवजार, दोभान, हर्दिनेटा, हटिया, पल्लिकोट ठूलापोखरा, | |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

## २.४.७ पर्यटकीय स्थलहरूको विवरण:

छत्रकोट गाउँपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक स्थलहरू तथा पर्यटकीय रुपमा प्रसिद्ध रहेका छन् । उक्त स्थलहरूको नाम तलको तालिकामा देहाय वमोजिम उल्लेख गरिएको छ ।

**तालिका १४: छत्रकोट गाँउपालिकाका मुख्य पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण**

| क्र.सं | स्थलहरूको नाम | स्थलको महत्व |
|---|---|---|
| १ | छत्रकोट देवालय, चोयगा | असोजे दशैं र चौते दशैंमा दुर्गा माताको भव्य पुजाआज गरिने, दशमीको पूर्णिमामा विभिन्न समुदायको मानिसहरु जम्मा भई सराय नाच नाचिने, |
| २ | भगवती मन्दिर, भालुपानी | दशैंको त्रियादशीमा मेला लाग्ने र सराय नाच पनि प्रस्तुत गरिन्छ । |
| ३ | खड्गदेवी मन्दिर, हटिया | दशैंको एकादशिको दिनमा भव्य मेला लाग्ने |
| ४ | मालिका देवी मन्दिर, हर्दिनेटा | कृष्ण जन्माष्टमीमा भव्य मेला लाग्ने |
| ५ | राम मन्दिर, भेडुवा, पुजन डाँडा मन्दिर, काउले, नरम थान मन्दिर, नरम | दशैंमा विशेष मेला लाग्ने |
| ६ | छत्रकोट देवालय (पर्यटकिय) | गाउँपालिकाकै महत्वपूर्ण धार्मीक पर्यटकिय स्थल । |
| ७ | सिद्धथान | सिद्धको मन्दिर । बैशाख महिनामा मेला लाग्ने । |
| ८ | दुर्गा कुण्ड मन्दिर, कारपोखरी | वडा दशैं, चैते दशैं, कृष्ण जन्माष्ठमी पर्वमा रथ यात्रा गरिने । |
| ९ | खिर्रे देउराली मन्दिर | खिर्राको रुखमा मन्दिर रहेको छ । सदियौं देखि पुजा गर्ने गरिएको । |
| १२ | थुम्का शिद्धपिठ सिद्ध शिवालय | शिवरात्रि लगायत अन्य पर्वमा मेला लाग्ने |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं | स्थलहरूको नाम | स्थलको महत्व |
|---|---|---|
| १३ | चण्डि मन्दिर, चण्डिस्थान | काली, चण्डिको पुजा आरधाना हुने |
| १४ | राधाकृष्ण मन्दिर, डाँडा पोखरी | धार्मिक तथा पुरातात्विक महत्व |
| १६ | धारापानी शिवालय मन्दिर, बोहा | धार्मिक तथा पुरातात्विक महत्व |
| १७ | राधाकृष्ण मन्दिर, मौलिपुर | धार्मिक तथा पुरातात्विक महत्व |
| १८ | शिवालय मन्दिर, अँगाहा र सल्लेरी | धार्मिक तथा पुरातात्विक महत्व |
| १९ | भगवति मन्दिर, अँगाहा | धार्मिक तथा पुरातात्विक महत्व |
| २० | सिद्ध पानी, शिवबाबा मन्दिर | धार्मिक तथा पुरातात्विक महत्व |
| २१ | कालिका मन्दिर, थुम्की | धार्मिक तथा पुरातात्विक महत्व |
| २२ | सिद्धपिठ शिवमन्दिर मोक्षधाम | धार्मिक तथा पुरातात्विक महत्व |
| २३ | भिमसेन मन्दिर | भिमसेनको पुजा आरधाना हुने |
| २४ | माहाकाली मन्दिर | हरेक आईतबार पुजा हुने |
| २५ | भुमिश्वर मन्दिर | दशैंमा पुजा |
| २६ | जिजु मन्दिर | अषाढ १२ मा भव्य मेला लाग्ने |
| २७ | बालकनाथ गुफा | शिवरात्रीमा भव्य मेला लाग्ने, |
| २८ | भैरव मन्दिर | भैरवनाथको विशेष पुजाआज हुने |
| २९ | देवता ढुँङ्गा, वोटेगाउँ | ऐतिहासिक मुर्तिहरु |
| ३० | सिद्धबाबा मन्दिर | सिद्ध, शिव भगवानको पुजा आरधाना |
| ३१ | भँयरदेवी कोट मन्दिर | विजय दशमीमा कोटपुजा तथा सराय नाच नाचिने |
| ३२ | कालिकाथान मन्दिर, सिर्तुब | चैते दशमी मेला, कालिका पुजा र सराय नाच नाचिने |
| ३३ | राम मन्दिर | राम नवमी मेला |
| ३४ | ठूला पोखराको ऐतिहासिक पोखरी | पर्यटकीय स्थल |

*स्रोतः छत्रकोट गाउँपालिका प्रोफाईल २०७५*

त्यसैगरी वडा नं. १ मा राधाकृष्ण मन्दिर गुड्डुङ, शिवालय मन्दिर सल्लेरी, भगवती मन्दिर तोल्घा, राम मन्दिर झोर्दी, दुर्गा मन्दिर सोग्दी, सिद्धवावा मन्दिर कहौंटे, राधाकृष्ण मन्दिर ऐया, सरस्वती मन्दिर ठूलापोखरा, भएरदेवी मन्दिर कोट, कालिका मन्दिर श्रृङ्गा, कालिका मन्दिर ठूलापोखरा, देविस्थान मन्दिर ठूटोपिपल, राम मन्दिर श्रृङ्गा, रहेका छन् भने वडा नं. ६ मा खाँडदेवी मन्दिर लेखगढी, आलम मन्दिर फेरी पोटेरा, वराह मन्दिर दौघा भैरवनाथ, राधाकृष्ण मन्दिर दौघा र मोहोरे, कालिका मन्दिर गौरीखुट्टा मौधन, इज्वरा मन्दिर मोहोरे, कालिकामालिका मन्दिर दौघा, शिवालय मन्दिर मोहोरे र ढकान, खड्ग देवी मन्दिर सतिडाडा, विश्वकर्मा मन्दिर रातामाटा जस्ता धार्मिक महत्वका मन्दिर तथा देवालय समेत रहेका छन् ।

## २.४.८ नदिनाला तथा खोलानाला :

यस गाउँपालिकामा मुख्य गरि बढिघाट, उल्लीखोला, सिस्नेखोला, रिडिखोला, खर्ज्याङ्ग खोला आदिहरूको बहाव रहेकोले यस क्षेत्रको खेती योग्य जमिनहरू कटानको समस्यामा रहेका छन् । अर्को तर्फ यस गाउँपालिकामा वसोवास गर्ने अधिकांश मानिसहरूको मुख्य पेशा कृषि रहेको हुनाले यिनै खोलाहरू सिंचाईको मुख्य स्रोतका रुपमा रहेका छन् ।

## परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था .

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्वअधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- ब्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ ।

**तलिका १५: स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार**

| राजस्व शिर्षक | कानूनी प्रावधान |
|---|---|
| कर | • आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर (घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर र बाँकीमा भूमिकर/मालपोत) । (घरजग्गा कर सार्वजनिक उपयोगको घर जग्गामा, मुनाफा रहित संस्थामा, धार्मिक प्रयोजन, सरकारको, दुतावास एवं कुटनैतिक नियोगहरू स्वामित्वको घर र जग्गामा सम्पत्ति कर लाग्दैन ।)<br>• भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>• घर जग्गा बहाल कर<br>• व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>• सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>• जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत (दफा ६१) |
| शुल्क | • बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, वजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (दफा ५९)<br>• पार्किङ्ग शुल्क : आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत (दफा ६०) |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| सेवा शुल्क | • आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा<br>• आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा :<br>• खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>• अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवामा<br>• सिफारिस सम्वन्धी कुनै सेवा शुल्कमा (दफा ६२) |
| दस्तुर | • एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>• ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>• नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>• पंजिकरण व्यवस्थापन दस्तुर<br>• वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत<br>• जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विकी | • ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर (दफा ६२.क)<br>• सामुदायिक वन उपभोक्ता समितीले वन पैदावार बिकी, (दफा ६२.ख) |
| संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने | • प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>• प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवावाट रोयल्टी<br>• खानेपानी महसुल<br>• स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>• स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार व्यवस्थापन<br>• जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| | • स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण<br>• इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति; नविकरण<br>• स्थानीय तहका पत्रपत्रिकाको दर्ता |
| स्थानीय तहमा संकलन भई बाँडफाँड हुने | • बिज्ञापन कर: स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>• मनोरञ्जन कर: स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क: स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)<br>• उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>• ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने । |
| प्रदेश तहबाट संकलन भई बाँडफाँड हुने | • सवारी साधन (माथि उल्लेखित बाहेक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• (पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने) |

## ३.२ स्थानीय तहका आयको अन्य श्रोतहरु

स्थानीय तहका अन्य आयको श्रोतको रुपमा केन्द्र र प्रदेश सरकारबाट चार प्रकारका अनुदान प्राप्त गर्ने गर्दछन् । गाउँपालिका नगरपालिकाले विकासको गती बढाउने लक्ष लिएमा ऋण लिन सक्छन् । त्यसवारेको सारंश बुँदागत रुपमा यो खण्डमा प्रस्तुत गरिएको छ ।

**वित्तीय समानीकरण अनुदान**

- नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।(नेपालको संविधानको धारा ६० को उपधारा ४)
- प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।(नेपालको संविधानको धारा ६० को उपधारा ५)
- यस प्रकारको अनुदानलाई स्थानीय सरकारले आवश्यक देखेको विकासे काममा खर्च गर्न सक्ने स्वीकृति दिईएको हुन्छ । यो अनुदान कर्मचारी तलव र अन्य प्रशासनिक खर्चमा खर्च गर्न पाइने छैन ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**सशर्त अनुदान**

- नेपाल सरकारले स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने ।
- सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने । सशर्त अनुदान भित्र शिक्षा क्षेत्रका शिक्षक तथा कर्मचारी, स्वास्थ्य क्षेत्रका कर्मचारीहरु, अन्य स्थानीय कर्मचारीको तलव भत्ता आदिको खर्च पर्दछ ।

**समपूरक अनुदान**

- नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने ।
- समपूरक अनुदान प्रदान गर्दा योजनाको संभाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता जस्ता कुराहरुलाई आधार वनाइनेछ ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

**विशेष अनुदान**

- नेपाल सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास, आर्थिक, सामाजिक वा कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास जस्ता कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्ने ।

**बैदेशिक सहायता र ऋण सम्बन्धी व्यवस्था**

- **वैदेशिक सहायता** : स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्नसक्ने छैन ।
- **आन्तरिक ऋण :** स्थानीय तहले आयोगले सिफारिश गरेको सीमामा रही २५ वर्षभन्दा कम अवधिको लागि आन्तरिक ऋण लिन सक्ने तर आन्तरिक ऋण लिँदा नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

- आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्ने ।

**नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने**

- स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालय समक्ष अनुरोध गरेमा र सो अनुरोध मनासिब देखिएमा नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने ।
- नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति प्राप्त भएमा अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्ने ।
- यस्तो ऋण स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट असुली गर्न सक्ने ।

### ३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ। छत्रकोट गाउँपालिकाले राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् :

### ३.३.१ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरि गाउँसभाबाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.३.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा बेग्लै राजस्व शाखाको व्यवस्था भइसकेको छ । वडा कार्यालयलाई केही शिर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई तालिम दिई दक्ष वनाउनुपर्ने देखिन्छ

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### ३.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

गाउँपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले गाउँपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ। आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ।

### ३.३.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी पालिकाबासीहरूको कर तिर्न सक्ने हैसियत वृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ। घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ।

### ३.३.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ। जुन शिर्षकबाट आय आर्जन भएको हो सोही शिर्षकमा नै वढी खर्च गर्दा पालिकावासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजस्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ।

### ३.३.६ परिवर्तित व्यवस्था अनुसार राजस्व संकलन

परिवर्तित व्यवस्था अनुसार राजस्व संकलनको लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शिर्षकहरूमा समन्वयात्मक तरिकाले राजस्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ।

### ३.१.८ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरू

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा निम्न मुद्दाहरू रहेको देखिन्छ :

- राजस्व प्रशासन सम्वन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी कमी हुनु।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## ३.२ छत्रकोट गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

छत्रकोट गाउँपालिकाले विगतका आर्थिक वर्षहरूमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत वृद्धिदर आदिको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त राजस्व अधिकारका शिर्षकहरूको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ। गाउँपालिकाले उपरोक्त राजस्व शिर्षकहरू मध्ये असुली गरिरहेको, संकलनका लागि निर्णय मात्र गरेको र सम्भावना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ।

विगत ३ आ.व.को बजेटलाई विश्लेषण गर्दा आ.व. ०७६/७७ मा राजश्व संकलन उच्च रहेको पाइन्छ। करको दर न्यून रहेता पनि दायरा फराकिलो बनाइएकोले वृद्धि दर उच्च देखिएको छ। विगतका वर्षहरूमा भन्दा करको दायरा बृद्धि गर्दा समग्र वृद्धिदर बढी भएकाले आगामी दिनमा यही अनुसार वृद्धि हुने देखिदैन। आ.व. ०७७/७८ गाउँपालिकाले रु. ७ करोड ४ लाख आन्तरिक आयको अनुमान गरेको छ भने वाह्य आय तर्फ नेपाल सरकारबाट रु.४० करोड ८३ लाख वित्तिय समानीकरण अनुदान र ससर्त अनुदान प्राप्त गरेको छ। यस तथ्याङ्कले गाउँपालिकाको आयमा वाह्य स्रोतको हिस्सा उल्लेख्य रहेको देखिन्छ। यस गाउँपालिकाको आ.व. ०७६/७७ को यथार्थ र आ.व. ०७७/७८ को संशोधित अनुमान तथा चालु आ.व. ०७८/७९ को प्रस्तावित आय तथा संघिय सरकारबाट प्राप्त भएको वित्तिय समानीकरण तथा सर्शत अनुदान सम्बन्धी देहायमा उल्लेखित तालिकाले आय परिचालनको अवस्था देखाउँदछ।

**तालिका १६: गाउँपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण**

| आय शीर्षक | ०७६/७७ को यथार्थ | ०७७/७८ को संसोधित अनुमान | ०७८/७९ को प्रस्तावित आय |
|---|---|---|---|
| आय | ४३२७७४४०४ | ४७८८०००७७.८ | ४७८९९७९४० |
| राजश्व | ६९४६३४७४.०१ | ७०४९९७२७.८१ | ७०१७३९४०.०१ |
| आन्तरिक श्रोत | ४०८९५३४ | ५१२५७८७.८ | ४८००००० |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | ६५३७३९४०.०१ | ६२१४४७४७.९८ | ७३१८५१५२ |
| अन्तर सरकारी वित्तिय हस्तान्तरण | ३६३३१०९३० | ४०८३००३५० | ४०८८२४००० |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ३२९०८०९३० | ३६२९२०३५० | ३७२६८०००० |
| १३३११ समानीकरण अनुदान | ८८५७९९३० | ९२२००००० | ९८४००००० |
| १३३१२ शर्शत अनुदान चालु | २२०५८०००० | २३२९२०३५० | २१५२८०००० |
| १३३१३ शर्शत अनुदान पुँजिगत | ० | ० | २९३००००० |
| १३३१४ विषेश अनुदान चालु | १५०००००० | २७३००००० | ० |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुँजिगत | ० | ० | १६६००००० |
| १३३१६ समपुरक अनुदान चालु | ४९२१००० | १०५००००० | ० |
| १३३१७ समपुरक अनुदान पुँजिगत | ० | ० | १३१००००० |
| १३३१८ अन्य अनुदान चालु | ० | ० | ० |
| **प्रदेश सरकारबाट** | **३४२३००००** | **४५३८००००** | **३६१४४०००** |
| १३३११ समानीकरण अनुदान | ४१३३००० | ५०३९००० | ४६००००० |
| १३३१२ शर्शत अनुदान चालु | ८०००००० | १६८५०००० | १७४४००० |
| १३३१३ शर्शत अनुदान पुँजिगत | ० | ० | ८८००००० |
| १३३१४ विषेश अनुदान चालु | ८२००००० | ८५००००० | ६०००००० |
| १३३१६ समपुरक अनुदान चालु | १३८९७००० | १४९९१००० | ० |
| १३३१७ समपुरक अनुदान चालु | ० | ० | १५०००००० |
| १३३१८ अन्य अनुदान चालु | ० | ० | ० |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

### ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यो कार्ययोजना तर्जुमाको क्रममा गाउँपालिकाको राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण गरिएको छ । गाउँपालिकामा रहेको कर र गैर करका क्षेत्रको पहिचान, सम्भावना, संकलन भएको नभएको दर निर्धारणको अवस्थाको वारेमा यो खण्डमा विश्लेषण गरिएको छ ।

#### ३.३.१ स्थानीय कर राजस्व

भूमि कर (मालपोत), सम्पत्ति कर, सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर जस्ता कर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १७: कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | भएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | भएको |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

### ३.३.२ गैरकर राजस्व

विभिन्न शुल्क, दस्तुर तथा सेवा प्रदान गरे वापतको दस्तुर तथा सेवा शुल्क जस्ता गैरकर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८: गैर कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| २ | नक्सापास दस्तुर | भएको | नभएको | नभएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| ५ | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| ६ | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | नभएको | भएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुलआदि) | भएको | नभएको | भएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | भएको | भएको | भएको |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

### ३.३ आन्तरिक राजस्व संकलनको सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजस्व मध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

#### ३.३.१ भूमीकर तथा मालपोत कर

यस गाउँपालिकाले मालपोत कर संकलन गरिरहेको छ । गत आ.व. २०७७/७८ मा भुमिकर तथा मालपोत कर वापत ९,५३,४३७.७७ कर संकलन भएको छ । मालपोत तथा भुमीकर यस गाउँपालिकाको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेकोमा आ.व. २०७५/०७६ देखि सम्पत्ति कर लागु भएकोले घर जग्गा कर स्वतः खारेज भएकोले घरले चर्चेको जग्गा बाहेक मात्र बक्यौता मालपोत रकम संकलन हुने देखिन्छ । त्यसैले यो प्रक्षेपणमा गाउँपालिकाले लिएको लक्ष नै हासिल हुने आँकलन गरी थप प्रक्षेपण गरिएको छैन ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू**

- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने ।
- साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच पुगेको स्थानको जग्गा लगायत जग्गाको मूल्याङ्कनको मालपोतको दर निर्धारण गर्ने ।
- मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्वन गर्ने ।
- बक्यौता मालपोत रकमलाई यथासिघ्र संकलन गरी सबैलाई दायरामा ल्याउने ।

#### ३.३.२ सम्पत्ति कर

आ.व. २०७४/०७५ मा गरिएको घरधुरी सर्वेक्षणमा कुल घरभुरी ५४३० रहेको यस गाउँपालिकामा हाल ५५५० घरधुरी रहेको अनुमान गरि सोही बमोजिम सम्पत्ति करको प्रक्षेपण गरिएको छ ।

गाउँपालिकाले सम्पत्ति कर लागु गरेको छैन । अनुमानित करदाताको संख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ :

**तालिका १९: सम्पत्ति कर सम्भावनाको गणना**

| क्र. सं. | सम्पत्तिको औसत मूल्यांकन | करदाता संख्या प्रतिशत | अनुमानीत करदाता संख्या | करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|---|
| १ | पहिलो ५ लाख रुपैया सम्म | ५० | २७७५ | २०० | ५,५५,०००।- |
| २ | रु. ५ लाख देखि ५० लाख सम्म | ३० | १६६५ | ३०० | ४,९९,५००।- |
| ३ | रु. ५० भन्दा माथि | २० | ११११० | १५०० | १६,६५,०००।- |
| **जम्मा** | | **१००%** | **५५५०** | | **२२,२०,०००।-** |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७८*

जम्मा घरधुरीको ५० प्रतिशत पहिलो ५ लाख सम्म सम्पत्ति हुने संग रु २००, त्यसपछिको ५ देखि ५० लाख अनुमानित सम्पत्ती हुने ३० प्रतिशत घरधुरीवाट रु ३०० को दरले र त्यसपछिको ५० लाख भन्दा बढी अनुमानित सम्पत्ती हुने २० प्रतिशत घरधुरीबाट रु १५०० को दरले कर संकलन गरेमा गाउँपालिकामा सम्पत्ति कर प्रणाली लागु भएपश्चात सो को कुल सम्भावना करिब २२ लाख २० हजार आम्दानी गर्न सकिने अवस्था देखिन्छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू**

- गाउँपालिकाको आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ती कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- पालिका भित्र भएका जग्गा तथा सम्पत्तिको मापदण्ड निर्धारण गरी मुल्यांकन गर्ने कार्य तथा सम्पत्तिको स्वघोषणाका कार्यलाई पाथमिकता दिने ।
- गाउँपालिकामा करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारीताका साथ संचालन गर्ने ।
- सबै वडा कार्यलयमा राजस्व सम्बन्धी कर्मचारीको व्यवस्था गरि कम्प्यूटरकृत विलिङ प्रणलिको व्यवस्था गर्ने ।

**३.३.३ बहाल करको दर :**

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र परेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार स्थानीय तहमा नै रहेकोले गाउँपालिकाले बार्षिक बहाल रकमको आधारमा बहाल कर निर्धारण गरेमा उपयुक्त हुने देखिन्छ । (साविकमा आय कर अन्तर्गत आन्तरिक राजस्व कार्यालयमा १० प्रतिशत तथा स्थानिय

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

तहमा २ प्रतिशत गरि जम्मा १२ प्रतिशत बहाल करको व्यवस्था रहेको थियो ।) यहाँ प्रस्तुत गरिएको बहाल कर १० प्रतशत लिइनेछ भन्ने आधारमा प्रक्षेपण गरिएको छ ।

**तालिका २०: घरबहाल कर सम्भावनाको गणना**

| क्र.सं. | घर वहाल दर (वार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ३०००० | ६० | १०% | १८०००० |
| २ | ५०००० | १५ | १०% | ७५००० |
| ३ | ८०००० | १० | १०% | ८०००० |
| ४ | १२०००० | ७ | १०% | ८४००० |
| ५ | १८०००० | ५ | १०% | ९०००० |
| ६ | २६०००० | ३ | १०% | ७८००० |
| | **जम्मा** | **१००** | | **५८७०००** |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७८*

आ.व २०७७/७८ मा वाहाल कर बापत कुनै आम्दानी नभएकोमा यो राजस्व सुधार कार्ययोजना लागु भए पश्चात ५ लाख ८७ हजार अनुमानित आम्दानी गर्न सकिने सम्भावना रहेको छ । सार्वजनिक जमिन उपयोग गरेवापत बहाल विरौटी कर लिने सम्भावना रहेको छ जसको वारेमा यकिन तथ्याङ्क रहेको देखिएन ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू**

- स्थलगत सर्भेक्षण गरी भाडामा रहेका संरचना र भाडामा लाग्न सक्ने संरचनाहरूको यथार्थ विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर जग्गा बहाल कर निर्धारण गर्ने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने ।
- घर वहाल कर असुली कार्यलाई कडाईका साथ लागु गरि त्यस्तो कर नतिर्ने व्यक्तिहरुलाई पालिकाबाट उपलब्ध गराईने सेवा सुविधाबाट बंचित गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।

### ३.३.४ वित्तिय र पुँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

यस गाउँपालिकाले विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । गाउँपालिकामा व्यवसाय सम्बन्धी यथार्थ तथ्याङ्क घरधुरी सर्वेक्षण २०७४।०७५ अनुसार ५७८ वटा व्यवसाय दर्ता गरिएको छ भने हाल उक्त संख्याको करिव ५ प्रतिशतले वृद्धि भई पालिका भित्रमा संचालित साना मझौला र ठुला गरी सम्पुर्ण व्यवसायहरुको संख्या ६०६

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोयगा, गुल्मी

रहेको अनुमान गरिएको छ । सो को यथार्थ तथ्याङ्क निकाल्नु पर्ने र करको दायरामा ल्याउनुपर्ने देखिन्छ । हालको अवस्थामा देहाय बमोजिमको व्यवसाय करको कुल सम्भावना रहेको देखिन्छ ।

**तालिका २१: व्यवसाय कर सम्भावनाको गणना**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० लाख सम्म (७० प्रतिसत) | ४२४ | १००० | ४२४२०० |
| २ | २० देखि ५० लाख (२० प्रतिसत) | १२१ | २,००० | २४२४०० |
| ३ | ५० देखि ७० लाख सम्म (५ प्रतिसत) | ३० | ३,००० | ९०९०० |
| ४ | ७० देखि १ करोड सम्म (३ प्रतिसत) | १८ | ५,००० | ९०९०० |
| ५ | १ करोड देखि माथी (२ प्रतिसत) | १२ | ८,००० | ९६९६० |
| | जम्मा | ६०६ | | ९४५३६० |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७८*

छत्रकोट गाउँपालिकाले आ.व २०७७/७८ मा व्यावसाय दर्ता तथा नविकरण दस्तुर अन्तर्गत रु.४,९२,२१०।- रुपैया आम्दानी गरेकोमा यो राजश्व सुधार कार्यायोजना लागु भए पश्चात सो दरमा वृद्धि भई रु.९४५३६०।- अनुमानीत आम्दानी गर्ने देखिन्छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

- व्यवसाय कर सम्बन्धी आवश्यक सूचनासहितको व्यवसायहरूको यथार्थ विवरण संकलन तथा अद्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यावसायलाई लगानीको आधारमा र उत्पादन क्षमताका आधारमा साना, ठुला मझौला व्यवसायको रुपमा वर्गिकरण गरि सोही अनुरुप करको दर निर्धारण गर्ने ।
- नवप्रवर्तन स्थानिय रोजगारी पवर्धन गर्ने उद्योगहरुलाई आवस्यक प्रोत्साहानका कार्यक्रम संचालन गर्ने ।
- व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने ।
- नेपाल सरकारले व्यवस्था गरे बमोजिम प्यान तथा भ्याट अनिवार्य गरि प्रत्येक व्यवसायी लाई व्यावसायीक संकेत नम्बर प्रदान गर्ने ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### ३.३.५ अन्य कर

**क) व्यवसाय रजिष्ट्रेशन दस्तुर**

हालको कानुनी व्यवस्था अनुसार गाउँपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नविकरण गरि सो को दस्तुर संकलन गर्न सक्ने छ। स्थानीय तहहरूको गठन संगै गाउँपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघ संस्थाहरू एकपटक गाउँपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । गाउँपालिकामा भएको कार्यशाला गोष्टीको अध्ययनका क्रममा प्राप्त छलफल तथा सुझावका आधारमा औसत दर यहाँ प्रस्ताव गरिएको छ । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नविकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहाय बमोजिमको रहेको छ :

**तालिका २२: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क्र.सं. | विवरण | दर्ता शुल्क | अनुमानीत संख्या | सम्भाव्य दर्ता आय |
|---|---|---|---|---|
| १ | ठुला लगानीका व्यवसायहरू | ५००० | ६ | ३०००० |
| २ | मध्यम लगानीका व्यवसायहरू | २००० | १८ | ३६००० |
| ३ | साना लगानीका व्यवसायहरू | ८०० | ३६ | २८८०० |
| **जम्मा** | | | **६०** | **९४८००** |

*स्रोत: राजस्व सुधार योजना २०७८*

छत्रकोट गाउँपालिकामा हालसम्म व्यवसाय दर्ता र नविकरण बापत एकमुष्ठ रुपमा राजश्व संकलन गर्ने गरिएकोमा यसलाई छुट्छुट्टै रुपमा संकलन गरेमा व्यवसाय रजिष्टेशन बापत राजश्व सुधार कार्यायोजना लागु भए पश्चात ९४ हजार आन्तरीक राजश्व संकलन गर्न सकिने देखिन्छ। व्यवसाय दर्ताको लागि प्रोत्साहनको नीति लिने र नागरिकस्तरमा सूचित गराउने गर्नुपर्दछ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धीमा उद्योग वाणिज्य संघसँग समन्वय गरी नीति तथा कार्यविधि निर्धारण गर्ने ।
- कर तिर्ने व्यवसायीको "व्यवसायी संकेत नम्बर" कायम गर्ने ।

- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क, ख,ग,घ) वर्गमा वर्गीकरण गरी व्यवसाय रजिष्टेशन करको दर निर्धारण र परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता र नविकरण लाई सरलिकृत गरी छुट्टै रुपमा राजश्व संकलन गर्ने ।

**३.३.६ अन्य सेवा शुल्क**

गाउँपालिकाले गाउँपालिकावासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप गाउँसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरि सेवा शुल्कहरू संकलन गरिरहेको छ । यस अन्तर्गत अगामी आ.व.मा प्राप्त हुने रकम विगत आ.व.को औसत बृद्धि, गाउँपालिकाको जनसंख्या तथा घरधुरीका आधारमा रहने र गाउँपालिकाले प्रक्षेपण गरेको अंक नै प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

- विभिन्न किसिमका दस्तुरहरूको पहिचान गरी दायरा बढाउन पहल गर्ने ।
- व्यवस्थापन चुस्त वनाउने र नयाँ सेवाहरूको पहिचान गरी कार्यान्वयनमा ल्याउने ।
- समयसापेक्ष रुपमा सेवा शुल्कहरूको वर्गीकरण गरी दस्तुरका दर परमार्जन गर्ने ।

**३.३.७ दस्तुरहरू**

यस अन्तर्गत गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, बैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । गाउँपालिकाले सिफारिश दस्तुरको दररेट गाउँसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर परमार्जन गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- गाउँपालिकाबाट गरिने सिफारिसलाई "एक पटक दिने र वारम्बार दिने" गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## क) नक्शा पास दस्तुर

हालसम्म यो गाउँपालिकामा घरको नक्सापास र अभिलेखिकरण भएको छैन । पालिका क्षेत्रमा बार्षिक रुपमा २० पक्की र ५० कच्ची नयाँ घर निर्माण हुन्छन् भन्ने आधारमा औषत प्रक्षेपण गरिएको छ । छत्रकोट गाउँपालिकामा रहेका ५५५० घरधुरीको अभिलेखिकरण हुन बाकि रहेको र तिमध्ये ९५ प्रतिशत घरहरु कच्ची रहेको भन्ने अनुमानित तथ्यांकका आधारमा अभिलेखिकरण दस्तुरको प्रक्षेपण गरिएको छ । नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानीत संख्या र गाउँसभाले पास गरेको औसत दस्तुरको आधारमा गणना गर्दा देहाय बमोजिम नक्सा पास दस्तुर संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका २३: नक्सा पास दस्तुरको सम्भावनाको गणना**

| क.सं. | विवरण | संख्या | औसत दर | सम्भाव्य आय |
|---|---|---|---|---|
| १ | **घर नक्सा पास** | | | |
| | पक्की घर | २० | २५०० | ५०,०००।- |
| | अन्य घर | ५० | १०० | ५,०००।- |
| | **घर नक्सा पास जम्मा** | **७०** | | **५५,०००।-** |
| २ | अभिलेखिकरण | | | |
| | पक्की घर ५% | २७७ | ५०० | १,३८,०००।- |
| | कच्ची घर ९५% | ५२७२ | १०० | ५,७२,०००।- |
| | **अभिलेखिकरण जम्मा** | **५५५०** | | **७,१०,५००।-** |
| | **जम्मा** | | | **७,६५,५००।-** |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७८*

राजश्व सुधार कार्यायाजना लागु भए पश्चात घर नक्सा पास र अभिलेखिकरण वापत रु ७ लाख ६५ हजार आन्तरिक राजश्व संकलन बृद्धि हुने देखिन्छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गरि पालिका भित्रमा रहेका भवनको यथार्थ विवरण संकलन गर्ने ।
- भवान निर्माण आचारसंहिता लागु गरी मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोरगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- भुकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्साहान गरी सो सम्वन्धी जनचेतनाका कार्य संचालन गर्ने ।

### ३.३.८ अन्य विविध आय

गाउँपालिकाले विभिन्न किसिमका फारमहरू विक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा पालिकाद्धारा प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस दण्ड जरिवाना, पेश्की फिर्ता, घ वर्गको निर्माण इजाजतपत्र दस्तुर लगायत अन्य विविध आयहरू रहेका छन् जुन गाउँपालिकाको आन्तरीक आय मध्येको एक मुख्य आय हो । गाउँपालिकाले सिफारिश दस्तुरको दररेट गाउँसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर परमार्जन गर्ने ।
- कर संकलनको क्षेत्रमा कार्य गर्ने कर्मचारीलाई आवश्यक पर्ने औजारको उचित प्रवन्ध गर्ने ।
- समयसमयमा पुर्नताजगी तालिमको व्यवस्था गर्ने । सरोकारवालाहरूको पहिचान गरी दायरा वढाउनको लागि उनिहरूसँग समन्वय गर्ने ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस गाउँपालिकाले राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजस्व परिचालनका लागि यस गाउँपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको छ :

१. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि शुत्र सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिएको छ ।

२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ ।

३. गाउँक्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइएको छ ।

४. गाउँपालिकाको आर्थिक क्षमता बढाउनकालागि गाउँक्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइएको छ ।

५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ राजस्व परामर्श समिति

राजस्वलाई बजेटको मेरुदण्डको रुपमा लिने गरिन्छ । राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा अग्रणी स्थान राख्दछ । गाउँपालिकाको आर्थिक विकास र संवृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने संयन्त्रको रुपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ वमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य। निजि क्षेत्रको तर्फ बाट उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी

अधिकतम सात जना सम्म सदस्य रहने व्यवस्था छ । यस सम्वन्धी विवरण देहाय बमोजिमको तालिकामा दिइएको छ ।

**तालिका २४: छत्रकोट गाउँपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | नर्मदा भण्डारी | उप प्रमुख | संयोजक |
| २ | कृष्ण प्रसाद पन्थी | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | थम्मन ब. ज्ञवाली | कार्यपालिका सदस्य | सदस्य |
| ४ | रुनमाया सिंजाली | कार्यपालिका सदस्य | सदस्य |
| ५ | सन्तोष जि.सि. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य, सचिव |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाँउसभा समक्ष पेस गरेको थियो । गाउँपालिकाको संवैधानिक तथा कानूनी आधार र सीमा भित्र रहेर गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाउँसभाले सो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाउँसभाबाट आर्थिक ऐन पारित गरिएको हो । गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन् :

- सबैभन्दा बढी कर तिर्ने तीन जना नागरिकलाई पुरस्कृत गरिने छ ।
- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्धन गरिने छ ।
- करको दायरालाई फराकिलो बनाइने छ ।

वित्तिय सुशासन र उत्तरदायित्व सम्बन्धमा लिइएका मुख्य नीति निम्नानुसार रहेका छन् :

- सावर्जनिक खर्चलाई मितव्ययी, पारदर्शी र सार्वजनिक जवाफदेहीता वमोजिम अधिकतम उत्पादकत्व प्राप्त गर्ने गरी खर्च गरिने छ ।
- चौमासिक खर्चको लक्ष प्राप्तिमा जोड दिइने छ ।
- स्वअनुशासनद्वारा वित्तिय अनुशासन कायम गरिने छ । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाइनेछ ।
- सरकारी सम्पत्तिको संरक्षण गर्ने तथा अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गरिने छ ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### ४.२.२ छत्रकोट गाउँपालिकाको राजस्व प्रशासन

यस गाउँपालिकामा राजस्व प्रशासनको लागि बेग्लै राजस्व शाखा स्थापना गरिएको छ। गाउँपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) प्रयोग गरिएको छ। यस शाखामा फर्निचर, कम्प्युटर, प्रिन्टर तथा अन्य भौतिक सुविधा उपलब्ध गराइएको छ। राजश्व सम्बन्धी डाटा अनलाइनबाट प्रविष्ट गर्ने गरिएको छ। राजश्व असुलीकोलागि SUTRA सफ्टवेयरको प्रयोग गरिएको छ। निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था रहेको छ। दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास गाउँपालिका कार्यालयबाटै हुने गरेको छ।

### ४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

गाउँपालिकाको धेरैजसो आम्दानी यसका वडाहरूबाट संकलन गर्ने गरिएको छ। गाउँपालिकामा राजश्व शाखा गठन गरी एक अधिकृतलाई राजस्व शाखा प्रमुखको जिम्मेवारी दिइएको छ। कार्यालयबाट राजस्व संकलनको लागि कम्प्युटर अपरेटरलाई जिम्मेवारी दिइएको छ।

## ४.३ छत्रकोट गाउँपालिकाको वर्तमान आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत बर्षको आय परिचालनको अवस्था गत २०७६/७७ को यथार्थ संकलन, गत आ.व.को संसोधित अनुमान र चालु आ.व.को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ। बैङ्क मौज्दातलाई यहाँ उल्लेख गरिएको छैन।

**तालिका २५: छत्रकोट गाउँपालिकाकाको वर्तमान आन्तरिक आय परिचालन**

| आय शीर्षक | ०७६/७७ को यथार्थ | ०७७/७८ को संसोधित अनुमान | ०७८/७९ को प्रस्तावित आय |
|---|---|---|---|
| **आन्तरिक श्रोत** | **४०८९५३४** | **५१२५७८८** | **४८०००००** |
| ११३१४ भुमिकर मालपोत | ५७५१९१ | ९५३४३८ | ६००००० |
| ११३२१ घरवहाल कर | ८९२९८८ | १८५४११ | १५०००० |
| ११३२२ वहाल विरौटी कर | ० | ० | ५००० |
| ११४५१ सवारी साधन कर | ० | ० | १०००० |
| ११४७९ अन्य मनारञ्जन कर | ० | ० | ५००० |
| ११६३१ कृषितथा पशुजन्य व्यावसाय कर | ० | ० | १०००० |
| ११६९१ अन्य कर | १३७६ | ११९३८७१ | ६००००० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० |
| १४२१३ अन्य बिक्रिबाट प्राप्त आय | ९७००० | १२०२५० | १५०००० |
| १४२२१ न्यायिक दस्तुर | ४००० | ८२३३ | १०००० |

| | | | |
|---|---|---|---|
| १४२२९ अन्य प्रशासनिक सेवा सुल्क | ० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ० | ० | १०००० |
| १४२४३ सिफारिस दस्तुर | ८०१७९९ | ८८७९६६ | ८००००० |
| १४२४४ व्यक्तिगत घटना दस्तुर | ५४३०० | १२७५९० | १५०००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २९८५० | ० | १५००० |
| १४२४७ अन्य दस्तुर | ६०००० | ४१३८०० | ५००००० |
| १४२५३ व्यवसाय रजिष्टेशन कर | ६७३०३० | ४९२२१० | ६००००० |
| १४२६५ अन्य क्षेत्रको आय | ९००००० | ७४३०१९ | ११८५००० |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **६५३७३९४०** | **६२१४४७४८** | **७३१८५१५२** |
| **गाउँपालिकाको कुल राजश्व** | **६९४६३४७४** | **७०४९९७२८** | **७०१७३९४०** |

*स्रोत: छत्रकोट गाउँपालिका २०७८*

छत्रकोट गाउँपालिकाको आन्तरिक श्रोत तर्फ आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू. ४०८९५३४/-, गत आ.ब. २०७७/७८ को संसोधित अनुमान रू. ५१,२५,७८८ र चालु आ.व.को प्रस्तावित आय रू. ४८०००००/- रहेको देखिन्छ। राजस्व बाँडफाँडबाट आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू. ६,५३,७३,९४०/-, गत आ.व.को संसोधित अनुमान रू.६,२१,४४,७४७/- र चालु आ.व.को प्रस्तावित आय रू. ७,३१,८५,१५२/- रहेको देखिन्छ। आन्तरिक श्रोत र राजश्व बाँडफाँडबाट प्राप्त रकम गरी आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू.६९४६३४७४/-, गत आ.व.को संसोधित अनुमान रू. ७०४९९७२८/- र चालु आ.व.को प्रस्तावित आय रू. ७०१७३९४०/- रहेको छ।

### ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाले राजस्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको कार्यहरू गर्नुपर्ने देखिन्छ :

- गाउँपालिकाको संगठन संरचनामा राजस्व शाखा गठन भइसकेको छ। कम्प्युटर अपरेटर मार्फत राजश्व सम्बन्धी कार्य सञ्चालन भएको छ। प्रयाप्त ठाउँ सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरि सुदृढ गर्ने।
- गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा ऐतिहासिक क्षेहरूमा आवश्यक पूर्वाधारको विकास गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरी करको दायरामा ल्याउनु पर्ने।
- गाउँपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

- गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय सम्भावना भएका क्षेत्रलाई पहिचान गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।
- उद्योग वाणिज्य संघ र व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।
- सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम संचालन गरि कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने ।
- करको सम्भावना भएका शिर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।
- राजस्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- गाउँपालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्दा अत्मनिर्भर पालिका निर्माणको नीति लिई केन्द्र र प्रदेशमा भर नपरी आवश्यक श्रोत परिचालनको सम्भावनाको पहिचान गरी कार्यान्वयनको नीति लिनुपर्ने ।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना

## ५.१ छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सरकारवालाहरूको सहभागितामूलक छलफलबाट तयार पारिएको छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । गाउँपालिकाको राजश्व सम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरू सँगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधीमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

**तालिका २६: छत्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **कर राजश्व** | | | |
| **भूमि कर (मालपोत)** | • जग्गाको किसिममा औचित्यलाई ख्याल गरी मौजुदा मुल्यांकनलाई पुन मुल्यांकन गर्ने | आर्थिक बर्ष २०८०/८१ भित्र | राजश्व परामर्श समिति |
